## साना पशुपन्छी तथा मत्स्य व्यवसायिक फार्म स्थापना तथा विस्तार कार्यक्रम संचालन मापदण्ड, २०७७

(मन्त्रिस्तरीय निर्णयबाट मिति २०७७/०५/३१ मा स्वीकृत )

पशुपन्छी तथा मत्स्यजन्य वस्तुको व्यवसायिक उत्पादन र गुणस्तरमा वृद्धि गरी कृषक परिवारलाई स्वरोजगार एवं व्यवसायिक रुपमा आत्मनिर्भर बनाउन र पशुपन्छी तथा मत्स्य क्षेत्रमा लगानी बढाई व्यवसायिकता र उद्यमशिलताको प्रवर्द्धन गर्न गण्डकी प्रदेश सरकारको "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यबिधि, २०७७" को दफा ४० ले दिएको अधिकार प्रयोग गरी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यो मापदण्ड बनाएकोछ।

### १. आवेदकको योग्यता र पेश गर्नु पर्ने कागजातहरु :

### १.१ आवेदकको योग्यता :

क) आवेदक कृषक/फर्म हुनुपर्नेछ।

ख) बुँदा नं २.२ अनुसार न्यूनतम पूर्वाधार तथा शर्तहरु पुगेको वा पुग्ने हुनुपर्नेछ ।

### १.२ पेश गर्नुपर्ने कागजातहरु :

क) आवेदकको कम्तिमा ५० प्रतिशत लागत साझेदारी हुने गरी बुँदा नं ३ वमोजिमको ढाँचामा तयार गरीएको प्रस्ताव पेश गर्नुपर्नेछ।

ख) बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ को दफा १६ को उपदफा (३) मा उल्लेखित कागजातहरु पेश गर्नुपर्नेछ।

ग) वैदेशीक रोजगारीबाट फर्किएको कृषक भए सो को पुष्टि गर्ने कागजात संलग्न गर्नुपर्नेछ।

घ) आवेदकको आफ्नै वा नीजको एकाघरको परिवारको स्वामित्वमा भएको जग्गा हुनुपर्नेछ वा जग्गा करार/लिजमा लिई कार्यक्रम संचालन गर्नेको हकमा न्यूनतम १० वर्षको लागि प्रचलित कानून बमोजिम भएको करार सम्झौताको प्रतिलिपि पेश गर्नुपर्नेछ।

### २. प्रस्ताव छनौट :

### २.१ छनौटका लागि मूल्याङ्कनका आधारहरु :

| क्र.सं. | विवरण | अंक भार |
|---|---|---|
| १ | व्यवसायिक योजनाको प्रस्ताव (लागत र समय, रोजगारी सृजना तथा उत्पादन तथा उत्पादकत्व वृद्धि, बजारीकरण) | २५ |
| १.१ | लागत | ५ |
| १.१.१ | लागत साझेदारीको अनुपात (कार्यालयः आवेदक) १:१.५ भन्दा बढी भएको | ५ |
| १.१.२ | लागत साझेदारीको अनुपात (कार्यालयः आवेदक) १:१ भन्दा बढी १:१.५ सम्म भएको | ४ |
| १.१.३ | लागत साझेदारीको अनुपात (कार्यालयः आवेदक) १:१ भएको | ३ |
| १.२ | रोजगारी सृजना | ५ |
| १.२.१ | एकाघरको परिवार बाहेक कम्तिमा थप एक जनालाई रोजगारी दिने | ५ |

| | | |
|---|---|---|
| १.२.२ | एकाघरको परिवार बाहेक अन्यलाई रोजगारी नदिने | ३ |
| **१.३** | **उत्पादन र उत्पादकत्व वृद्धि** | १० |
| १.३.१ | हालको उत्पादनमा ४० प्रतिशत वा सो भन्दा वढीले वृद्धि गर्ने | १० |
| १.३.२ | हालको उत्पादनमा ४० प्रतिशत भन्दा कमले वृद्धि गर्ने | ६ |
| **१.४** | **बजारीकरण** | ५ |
| १.४.१ | आफ्नो कूल उत्पादन मध्ये ९० % वा सो भन्दा बढी परिमाण विक्रि गर्ने | ५ |
| १.४.२ | आफ्नो कूल उत्पादन मध्ये ९० % भन्दा कम परिमाण विक्रि गर्ने | ३ |
| २ | **पूर्वाधार र प्राविधिक उपयुक्तता** | १० |
| **२.१** | **पूर्वाधार** | ५ |
| २.१.१ | बाटो, पानी र बिजुलीको पहुच भएको | ५ |
| २.१.२ | बाटो, पानी र बिजुली मध्ये कुनै १ वा १ भन्दा वढी सुविधा नभएको | ३ |
| **२.२** | **प्राविधिक उपयुक्तता** | ५ |
| २.२.१ | पर्याप्त र उपयुक्त जमिन भएको, उपयुक्त हावापानी भएको, घाँसमा आधारित पशुपालन भएको (घाँसमा आधारित पशुपालन आवस्यक नभएमा मुल्याङ्कनमा नराख्ने) | ५ |
| २.२.२ | पर्याप्त र उपयुक्त जमिन नभएको वा उपयुक्त हावापानी नभएको, वा घाँसमा आधारित पशुपालन नभएको (घाँसमा आधारित पशुपालन आवस्यक नभएमा मुल्याङ्कनमा नराख्ने) | ३ |
| ३ | **आवेदकको अनुभव तथा क्षमता** | ५ |
| ३.१ | २ वर्ष वा सो भन्दा वढी | ५ |
| ३.२ | २ वर्ष भन्दा कम | ३ |
| ४ | **अपेक्षित नतिजा र दिगोपना** | ५ |
| ५ | **सम्बन्धीत विषयमा औपचारिक शिक्षा वा प्राविधिक शिक्षा हाँसिल गरेको** | ३ |
| ६ | **बैदेशिक रोजगारीबाट फर्किएको कृषक** | २ |
| ७ | **अघिल्ला दुई आ.व मा कुनै कार्यालयबाट अनुदान लिए/नलिएको** | १० |
| ७.१ | नलिएको | १० |
| ७.२ | प्रस्तावमा उल्लेखित कृयाकलाप भन्दा फरक प्रकृतिको कृयाकलाप गर्नको लागि लिएको | ५ |
| **जम्मा** | | ६० |

*नोटः कार्यालयले प्रस्ताव छनौट गर्नु पूर्व स्थलगत अनुगमन गर्नुपर्नेछ। स्थलगत अनुगमन गर्दा बजारीकरण, पूर्वाधार, प्राविधिक उपयुक्तता को प्रस्तावमा उल्लेखित विवरणहरुको तालमेल मिले नमिलेको हेरी मात्र मूल्याङ्कन गर्नुपर्नेछ।*

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
गण्डकी प्रदेश
पोखरा

## २.२ आवस्यक न्यूनतम पूर्वाधार तथा शर्तहरुः

विस्तार हुने फर्मको हकमा उल्लेखित पूर्वाधार तथा शर्तहरु पूरा भएको र नयाँ स्थापना हुने हकमा उल्लेखित पूर्वाधार तथा शर्तहरु पूरा गर्ने प्रतिवद्धता गरी व्यवसायिक योजनाको प्रस्ताव पेश गरेको हुनुपर्नेछ।

क) **गाई/भैंसीपालन** :कम्तिमा ४ रोपनी जमिनमा घाँस खेती, उन्नत नश्लका कम्तिमा ५ देखि बढीमा १० वटा सम्म दुधालु गाई वा भैसी वा दुवै पालन गरेको वा गर्ने।

ख) **भेडा तथा बाखा पालनः** कम्तिमा २ रोपनी जग्गामा घाँस खेती, उच्च नश्लका कम्तिमा १५ देखि बढीमा २५ वटा सम्म माउ भेडा/बाखा पालन गरेको वा गर्ने।

ग) **बंगुरपालन/पाडापालन** :उन्नत वा स्थानीय नश्लका कम्तिमा ५ देखि बढीमा १० वटा सम्म प्रजनन् योग्य माउ बंगुर र १ गोटा भाले वा कम्तिम १० देखि बढीमा ३० वटा सम्म फ्याटनर पालन वा कम्तिमा १० देखि बढिमा ३० वटा सम्म भैंसीको पाडा पालन गरेको वा गर्ने।

घ) **कुखुरा एवं पन्छीपालन** : मासु वा अण्डा उत्पादनका लागि कम्तिमा १००० देखि बढीमा २००० ब्रोईलर कुखुरा वा कम्तिमा ५०० देखि बढीमा १००० लेयर्स वा कम्तिमा २०० देखि बढीमा ५०० ड्युल पर्पोजका कुखुरा वा कम्तिमा २०० देखि बढीमा ५०० स्थानीय कुखुरा वा कम्तिमा १०० देखि बढीमा ५०० वटा सम्म हाँसपालन गरेको वा गर्ने।

ङ) **माछापालन** : ट्राउट माछापालनको लागि कम्तिमा ३०० देखि बढिमा ५०० वर्ग मिटर क्षेत्रफलको रेस वे, कार्प वा अन्य प्रजातिको माछापालनको लागि पहाडमा कम्तिमा २ देखि बढिमा ५ रोपनी वा तराईमा कम्तिमा ५ देखि बढिमा १० रोपनी जलाशयको क्षेत्रफल भएको पोखरी निर्माण गरेको वा गर्ने।

## ३. प्रस्तावको ढाँचा

क) आवेदकको नाम र ठेगाना :
ख) सम्पर्क व्यक्तिको नाम र सम्पर्क नं :
ग) कार्यक्रम संचालन हुने स्थान :
घ) संचालन गर्ने व्यवसाय :
ङ) औपचारिक शिक्षा वा तालिमको नाम र अवधि :

प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय गण्डकी प्रदेश पोखरा

च) संचालन गरिने क्रियाकलापको विवरण :

| क.स. | क्रियाकलापको विवरण | परिमाण (संख्या/गोटा आदि) | अनुमानित लागत रु | | कुल रकम | सम्पन्न गर्न लाग्ने समय अवधि |
|---|---|---|---|---|---|---|
| | | | आफुले व्यहोर्ने | माग गरीएको | | |
| अ) | पुँजीगत कार्यहरु | | | | | |
| | | | | | | |
| | | | | | | |
| आ) | अन्य कार्यहरु | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| जम्मा | | | | | | |

छ) प्रस्तावित कार्यक्रम संचालनबाट प्राप्त हुने उपलब्धिहरु (भौतिक संरचना विकास/सुधार, वार्षिक उत्पादन, रोजगारी सृजना, आदि):

| क.सं. | विवरण | एकाई | परिमाण | | कैफियत |
|---|---|---|---|---|---|
| | | | हालको अवस्था | कार्यक्रम संचालन पश्चातको अवस्था | |
| अ) | भौतिक संरचना विकास/सुधार | | | | |
| | | | | | |
| | | | | | |
| आ) | वार्षिक उत्पादन | | | | |
| | | | | | |
| | | | | | |
| इ) | रोजगारी सृजना (एकाघरको बाहेक) | | | | |
| ई) | अन्य उपलब्धिहरु | | | | |
| जम्मा | | | | | |

ज) उत्पादित बस्तुहरुको बजारीकरण कहाँ, कसरी र कति मात्रामा गर्ने :

झ) नयाँ सोच तथा व्यवसायलाई दिगोरुपमा संचालन गर्ने भावी योजना :

प्रस्तावकको

नामः

छापः

ठेगानाः

सम्पर्क व्यक्तिः

दस्तखतः

मितिः

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
गण्डकी प्रदेश
पोखरा

४. संचालन गर्न सक्ने क्रियाकलापहरु :

स्वीकृत बजेटको परिधी भित्र रही देहायका क्रियाकलापहरु संचालन गर्न अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ।

क) फार्मको भौतिक संरचना निर्माण, यन्त्र/उपकरण खरिद, जैविक सुरक्षा सम्बन्धी कार्य गर्न।

ख) भेडाबाख्रा र बंगुरको हकमा आवश्यक अनुपातमा हुन आउने संख्यामा प्रजनन योग्य भाले खरिद गर्न।

**नोट** : योग्यता पुगेका आवेदक मध्येबाट संभव भएसम्म सबै विधा (गाई/भैंसी पालन, भेडा तथा बाख्रा पालन, बंगुरपालन/पाडापालन, कुखुरा एवं पन्छीपालन र माछापालन) तथा सबै स्थानीय तह समेट्ने गरी कार्यक्रम संचालन गर्नुपर्नेछ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
गण्डकी प्रदेश
पोखरा